नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८०।०४।२४

# प्रेस विज्ञप्ति

कालीगण्डकी बचाउ आन्दोलनका अभियन्ता एवं फोटो पत्रकार आर.के.अदिप्त गिरीलाई अभिव्यक्ति दिएकै आधारमा साइबर क्राइमको आरोपमा पक्राउ पुर्जी जारी भएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

कुनै पनि संस्था वा व्यक्तिलाई प्रश्न सोध्ने तथा खबरदारी गर्ने लोकतान्त्रिक अधिकार हो । तर, त्यसको भाषाशैली सभ्य हुनुपर्छ भन्ने महासंघको मान्यता रहेको छ ।

नेपाल पत्रकार महासंघले विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ को प्रयोग गलत ढंगले भइरहेकोले त्यसको खारेजीको माग गर्दै आइरहेको छ । जुन उद्देश्यले कानुन ल्याइएको हो, त्यही प्रयोजनका लागि मात्र त्यसको प्रयोग गर्न महासंघ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

अतः पर्वतमा देखिएको समस्यालाई संवाद र विद्यमान अन्य कानुनी प्रक्रियाबाट टुंगोमा पुऱ्याउन सम्बद्ध पक्षसँग आग्रह गर्दछौं ।

पत्रकारिताको मूल्यमान्यता, आचारसंहिता र साख बुझेका दुवै पक्षले आफ्नो स्वविवेक प्रयोग गरी छलफल र वार्ताकै माध्यमबाट समस्या सुल्झाउन तथा दुवै पक्षबाट भएका कमीकमजोरी सच्याउन महासंघ आग्रह गर्दछ ।

पवन आचार्य
सचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org